# गोदावरी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

अत्तरिया, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय अत्तरिया, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

**प.सं. : २०८२।८३** | **मिति:२०८२।१०।१४**
**च.नं. :** | **नेपाल सम्वत ११४६**

**आधारभूत तह (कक्षा ५ र ८) परीक्षाका लागि आवेदन फाराम भर्ने भराउने सम्बन्धी सूचना !**

प्रस्तुत विषय सम्बन्धमा शैक्षिक सत्र २०८२ सालमा सञ्चालन गरिने आधारभूत तह (कक्षा ५ र ८) को नगर स्तरीय वार्षिक परीक्षामा सहभागी हुने परीक्षार्थीहरूको आवेदन फाराम भरी भराई मिति २०८२ फागुन ५ गते भित्र बुझाउन हुन यो सूचना प्रकाशन गरिएको छ। साथै परीक्षा सम्बन्धी अन्य व्यवस्था तपसिल अनुसार गर्न/गराउन हुन समेत अनुरोध छ।

.....................
प्रयागराज जोशी
शाखा अधिकृत
शाखा अधिकृत

**तपसिल :**

१. विद्यार्थीहरूको वैयक्तिक विवरण जन्मदर्ता अनुसार ठिक साँचो छ/छैन? सोको रुजु गरी ठिक साँचो नभएको भए पछिसम्म फरक नपर्ने गरी विद्यालयको EMIS मा सबै विवरण अनिवार्य रूपमा अद्यावधिक गर्ने।

२. आवेदन फाराम विद्यालयको EMIS मा गई Log in गर्ने र Manage Exam Tab मा गई Application form मा Click गरेर विद्यार्थीको विवरण रूजु र पुनः रूजु गरी एक प्रति Print गर्ने र EMIS मा विद्यार्थीको फोटो अपलोड गरी विद्यार्थी स्वयम् तथा अभिभावकको हस्ताक्षर गराई प्रधानाध्यापकले प्रमाणित गर्ने र विद्यार्थीको अंग्रेजी नामको Alphabetical Order मा फारामहरू मिलाई अनिवार्य रूपमा विद्यार्थीको जन्मदर्ताको फोटोकपि सहितको फाइल तयार गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्ने।

३. शिक्षा, युवा तथा खेलकुद शाखाबाट विद्यार्थीको Symbol Number कायम भएपछि परीक्षाको प्रवेशपत्र Print का लागि विद्यालयको EMIS मा गई Log in गर्ने र Manage Exam Tab मा गई Admit Card मा Click गरेर प्रत्येक विद्यार्थीको दुई प्रति प्रवेशपत्र Print गर्ने र कक्षा ८ को हकमा मात्रै प्रधानाध्यापकले प्रमाणित गरी शिक्षा, युवा तथा खेलकुद शाखामा पेश गर्नुपर्ने।

४. विद्यालयको पत्रसाथ विद्यार्थीहरूको विवरण Alphabetical Order मा राखी सोही बमोजिम समष्टिगत फाराम तयार गरी पेश गर्ने।

५. विद्यार्थी सिकाइका लागि आन्तरिक मूल्याङ्कन मापदण्ड, २०८० मा व्यवस्था भए बमोजिम मिति २०८२ फागुन २० गतेभित्र विद्यार्थीहरूको आन्तरिक मूल्याङ्कन गरी विद्यार्थीको मार्क EMIS मा Entry समेत गरिसक्नुपर्ने।

६. संस्थागत विद्यालयहरूले आवेदन फाराम बुझाउन आउँदा कक्षा ८ का लागि प्रति विद्यार्थी रु. ३५० (तीन सय पचास) र कक्षा ५ का लागि रु. २०० (दुई सय) का दरले हुन आउने रकम यस कार्यालयको एन.आइ.सी. एसिया बैंकमा रहेको ग-२.३ विविध खर्च खाता शिर्षकको ०७१CA५००२२६६६००२ मा रकम जम्मा गरी सोको सक्कल भौचर समेत बुझाउनु पर्नेछ।

**बोधार्थ तथा अवगतार्थ :**

श्रीमान् नगर प्रमुखज्यू : जानकारीका लागि सादर अनुरोध।
श्रीमान् नगर उपप्रमुखज्यू : जानकारीका लागि सादर अनुरोध।
श्री सूचना तथा प्रविधि शाखा : वेबसाइट र फेसबुक पेजमा अपलोड गरिदिनु हुन।

फोन नं. ०९१-५०८०००/०९१-५०८००१/०९१-५०८००३
ई-मेलinfo@godawarimunkailali.gov.np
वेबसाइटhttps://godawarimunkailali.gov.np/
"आत्मनिर्भर सुन्दर समृद्ध गोदावरी"